नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार



सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सोसम्वन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम वन तथा वातावरण मन्त्रालय र अन्तर्गतका निकायको २०८२ माघदेखि चैत्रसम्म तीन महिनामा सम्पादित कामको अद्यावधिक विवरण

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## १ मन्त्रालयको स्वरुप र प्रकृति

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय काठमाडौंको सिंहदरबारमा रहेको छ । मन्त्रालयमा छ वटा महाशाखा र छब्बिसवटा शाखाहरु रहेका छन् । हाल यस मन्त्रालयमा एकजना मा. मन्त्रीज्यू र एकजना मा. राज्यमन्त्रीज्यू समेत रहनुभएको छ । मन्त्रालयमा राजपत्राङ्कित विशिष्ट श्रेणी, (प्राविधिक) तर्फको एकजना सचिव, महाशाखा प्रमुखको रुपमा सहसचिव र शाखा प्रमुखको रुपमा उपसचिव रहने व्यवस्था छ । यस मन्त्रालय अन्तर्गत चार विभाग, एक वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, एक रेड (Reducing Emissions from Deforestation and Forest Degradation) कार्यान्वयन केन्द्र समेत गरी छ वटा विभागस्तरीय निकायहरु छन् । यसका अतिरिक्त मन्त्रालय मातहत सार्वजनीक संस्थान- नेपाल वन निगम लिमिटेड र जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड र दुईवटा समिति- राष्ट्रपति चुरे-तराई मधेस विकास संरक्षण समिति र वन पैदावर विकास समिति रहेका छन् । राष्ट्रिय ताल संरक्षण विकास समिति भने आ. ब. २०८०/८१ मा खारेज गरिएको छ । राष्ट्रिय प्रकृति संरक्षण कोषको पनि सम्पर्क मन्त्रालय वन तथा वातावरण मन्त्रालय रहेको छ । वन पैदावर विकास समिति अन्तर्गत सागरनाथ वन विकास परियोजना र रतुवामाई वृक्षारोपण परियोजना संचालित छन् । यो मन्त्रालय मुलतः वन तथा वातावरण क्षेत्रका प्राविधिक जनशक्ति रहेको मन्त्रालय हो । साथै, प्रशासन, कानून, लेखा समूह र इन्जिनियरिङ्ग सेवाका जनशक्ति पनि मन्त्रालयमा कार्यरत छ ।

## २ मन्त्रालयको काम, कर्तव्य र अधिकार

वन तथा वातावरण मन्त्रालयको मूल उद्देश्य नेपालको **वनको दिगो व्यवस्थापन तथा वातावरण संरक्षण र व्यवस्थापन** गर्ने रहेको छ । वातावरणीय स्वच्छता कायम राख्दै जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कृयाकलापमार्फत जनताको जीविकोपार्जनमा सकारात्मक टेवा पुऱ्याउनेपनि मन्त्रालयको जिम्मेवारी भित्र पर्दछ। प्रस्तुत परिप्रेक्ष्यमा वार्षिक तथा आवधिक योजना, दिगो विकास लक्ष्य (२०३० का १७ वटा लक्ष्यमध्ये मूलतः १३ औं लक्ष्य (Climate Action) सँग सम्बन्धित लक्ष्यहरु हासिल गर्ने मार्गदर्शन र नीति अन्तर्गत मन्त्रालयले काम गर्ने गरेको छ । हरित विकासको अवधारणा अनुरुप मानवीय क्रियाकलाप र विकास प्रकियालाई वातावरणमैत्री बनाउदै जलवायु परिवर्तनको प्रतिकूल असरसँग अनुकुलित हुने अवस्था सृजना गरी मुलुकको समिष्टगत दिगो विकासमा जलवायु परिवर्तनले पार्ने प्रभावलाई न्यूनीकरण गर्दै वातावरण संरक्षण गर्ने जिम्मेवारी पनि मन्त्रालयको रहेको छ ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयबाट सम्पादन गरिने कार्यहरु निम्नानुसार रहेका छन् -

१ वन सम्बन्धी नीति, कानून र मापदण्ड नियमन ;
२ राष्ट्रिय वनको सर्भेक्षण, वर्गीकरण, नापनक्स र सीमाङ्कन ;
३ निजी वन, सार्वजनिक वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला वन सम्बन्धी नीति, कानून, मापदण्ड ;
४ वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी नीति, कानून र मापदण्ड;
५ राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिकार आरक्ष र सिमसार क्षेत्रसम्बन्धी नीति, कानून, मापदण्ड योजना तथा कार्यान्वयन ;
६ हात्तीसार ;

उप-सचिव

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

७ प्राणीउद्यान (चिडियाखाना) सम्बन्धी नीति, कानून र मापदण्ड;

८ मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र व्यवस्थापन सम्बन्धी नीति र मापदण्ड;

९ जैविक विविधता, प्राकृतिक वातावरण संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन;

१० वन्यजन्तु, जैविक विविधता र वन पैदावार ओसारपसार एवं अपराध नियन्त्रण सम्बन्धी नीती , कानून, मापदण्ड, कार्यान्वयन र नियमन;

११ वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू-उपयोगको परिवर्तन;

१२ वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति, कानून र मापदणड

१३ हर्बोरियम व्यवस्थापन;

१४ वनस्पतिहरुको रसायनिक गुणहरुको परीक्षण, प्रयोगशाला, प्रत्यायन, प्रमाणीकरण र गुणस्तर;

१५ आनुवांशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजानति र आयातित प्रजाति;

१६ वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण सम्बन्धी नीती , कानून र मापदण्ड;

१७ कार्बन सेवा र कार्बन सञ्चिति;

१८ अन्तर प्रादेशिक जङ्गल, हिमाल, वन, संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी नीती , कानून, मापदण्ड, कार्यान्वयन र नियमन;

१९ अन्तरदेशीय वन तथा वन्यजन्तु सम्बन्धी विषय;

२० वन, वनस्पति, वातावरण तथा जलवायु परिवर्तन सम्बन्धी अध्ययन अनुसन्धान;

२१ प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको वातावरणीय संरक्षण एवं स्वच्छता कायम सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

२२ वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा;

२३ हरित अर्थतन्त्र सम्बन्धी नीति र मापदण्ड;

२४ विकिरण, जल, ठोस, तापीय, नाभकीय, विद्युतीय, चुम्बकीय, रसायन, ध्वनी लगायतका प्रदुषण नियन्त्रण;

२५ हरितगृह ग्यासको मापदण्ड र नियमन;

२६ राष्ट्रिय स्तरमा वातावरणीय सूचना प्रणाली;

२७ वातावरणीय प्रभाव अध्ययन सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

२८ राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष;

२९ सशस्त्र वन रक्षक;

३० मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;

३१ मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;

३२ नेपाल वन सेवाको सञ्चालन ।

उप-सचिव

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

३ **मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण**

मन्त्रालयमा जम्मा १२९ जना निजामती कर्मचारीको दरबन्दी रहेको छ ।यी मध्ये अधिकांश प्राविधिक कर्मचारीको दरबन्दी रहेको छ भने प्रशासनिक र कानून सेवाका कर्मचारीहरु पनि रहेका छन् ।मन्त्रालयमा कार्यरत १० जना हलुका सवारी चालक र १६ जना कार्यालय सहयोगी माली र स्वीपरमध्ये अधिकांश करारमा कार्यरत छन् । मन्त्रालयका काम कारवाही संगठन व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन २०७५ मा दिइएका कार्य विवरण अनुसार मन्त्रालय अन्तर्गतका विभाग, केन्द्र, विकास समिति तथा वन विकास कोषमा कर्मचारी कार्यरत रहेका छन् ।

४ **मन्त्रालयबाट प्रदान गरिने सेवा**

नयाँ राज्य संरचना अनुसारको संगठन संरचना स्वीकृत भए पश्चात विगतमा वन तथा भू-संरक्षण मन्त्रालय र मातहतका निकायबाट प्रदान गरिदै आएका सेवाहरुमा समेत परिवर्तन भएको छ । मन्त्रालयले नेपाल सरकारबाट स्वीकृत कार्य विभाजन नियमावली बमोजिमका विषय क्षेत्रहरुमा सेवा प्रवाह गर्ने सेवा निम्नानुसार रहेका छन् -

- वन सम्पदाको वैज्ञानिक, समावेशी र सहभागितामूलक व्यवस्थापनद्वारा पारिस्थितिय सेवाको प्रवर्द्धन गर्ने।
- नेपालमा रहेका सबै प्रकारका वनहरुलाई दिगो वन व्यवस्थापन पद्धति अनुरुप व्यवस्थापन गर्नाका लागि आवश्यक नीति, नियम तथा मापदण्ड तय गर्ने।
- वन अतिक्रमण, अवैध कटानी तथा चोरी शिकार नियन्त्रणका लागि आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- वन श्रोतमा आश्रित समुदायहरुको जीविकोपार्जनमा सुधारको लागि जडिबुटी, पर्यापर्यटन र वन सम्पदामा आधारित वातावरण मैत्री उद्योग व्यवसायको विकास गरी निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।
- वन तथा जलाधार संरक्षणको माध्यमबाट कृषियोग्य भूमिको संरक्षण र उत्पादकत्वमा बृद्धि, पानीमुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण, जलवायु शुद्धीकरण जस्ता मानव स्वास्थ्य रक्षा एवं प्रकृति संरक्षण र वातावरणीय स्वच्छता कायम राख्ने।
- वन स्रोतबाट प्राप्त हुने लाभहरुको समन्यायिक वितरणका लागि आवश्यक व्यवस्था गर्ने।
- जलवायु परिर्वतनका कारणले पर्नसक्ने सम्भावित असरहरुको आंकलन गरी उपयुक्त अनुकूलन एवं जोखिम व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- चुरे क्षेत्रको परिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन गर्ने ।
- जडिबुटी उत्पादन तथा प्रशोधन कार्यलाई सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न प्रोत्साहन गर्ने ।
- वन तथा वातावरण क्षेत्रका नीति, कार्यक्रम, बजेट र सेवालाई लैङ्गिक तथा सामाजिक रुपमा समावेशी र न्यायोचित बनाउने ।
- वन तथा वातावरण क्षेत्रमा वैदेशिक सहायतालाई राष्ट्रिय हित अनुकूल संचालन गर्ने ।
- वन क्षेत्रको प्रभावकारी संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्नको लागि प्रचलित ऐन कानूनमा आवश्यक परिमार्जन गरी संस्थागत सुदृढीकरण र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्ने ।

उप-सचिव

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

- रेड (REDD-reducing emissions from deforestation and forest degradation) को अवधारणा अनुसार विश्व व्यापारमा संलग्न हुन आवश्यक नीति तथा कार्यक्रम तर्जूमा गर्ने ।
- वातावरणीय स्वच्छता कायम गर्नका लागि नीति, मापदण्ड तथा कानूनहरुको निर्माण गर्ने ।
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरु संचालन गर्ने ।
- वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित विभिन्न स्रोतबाट प्राप्त उजुरीको सुनुवाई र छानवीन तथा अवस्था अनुसार फस्र्योट।

५ **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

प्रचलित कानून र आर्थिक ऐन नियमानुसार हुने गरेको।

६ **निर्णय गर्ने प्रक्रिया र अधिकारी**

वन तथा वातावरण मन्त्रालयको कार्यक्षेत्र भित्र रहेका विभिन्न काम कारवाही गर्दा नेपाल सरकारले जारी गरेको सरकारी निर्णय प्रकृया सरलीकरण निर्देशिका, २०६५मा व्यवस्था भए अनुसार र प्रचलित कानून अनुसार विभिन्न तहबाट निर्णय हुने गरेको छ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम सूचना उपलब्ध गराउने गरिएको छ ।

७ **निर्णय उपर उजुरी सुन्ने अधिकारी**

मन्त्रालयबाट प्रवाह भएको सेवा सुविधाको विषयमा कुनै गुनासो भए वा चित्त नबुझेको खण्डमा मन्त्रालयका मा. मन्त्रीज्यू सचिवज्यू र सम्बन्धित अन्य पदाधिकारी समक्ष उजुरी गर्न सकिने व्यवस्था रहेको छ । साथै, मन्त्रालयको सम्बन्धित महाशाखा वा शाखासंग सम्बन्धित कामको विषयमा प्रत्यक्ष रुपमा भेटी,, टेलिफोन, निवेदन वा इमेल र अन्य माध्यममार्फत समेत उजुरी/गुनासो गर्ने र सोको सुनुवाई गर्ने व्यवस्था गरिएको छ । सेवा प्रवाह संग सम्बन्धित गुनासोहरु उपर आवश्यक सहजिकरण गर्न यस मन्त्रालयको शासकीय सुधार शाखा प्रमुखलाई गुनासो सन्ने अधिकारीका रुपमा जिम्मेवारी तोकिएको छ । गुनासो संग सम्बन्धि सम्पर्कका लागि हटलाईन नं. +९७७-९७६१४२३६१६/इमेल **gunaso.mofe@gmail.com** रहेको छ।

८ **कार्यक्रमको विवरण**

मन्त्रालयको नियमित सेवा प्रवाहका कामका अतिरिक्त स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट अनुसारका निम्न शीर्षक/उप-शीर्षक अन्तर्गत स्वीकृत कार्यक्रमहरु सम्पादन भएका छन् ।

१ वन तथा वातावरण मन्त्रालय
२ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम
३ रेड फरेष्ट्रि तथा जलवायु परिवर्तन कार्यक्रम
४ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम
५ सम्वृद्धिका लागि वन
६ जलवायु उत्थानशिल चूरे कार्यक्रम
७ वन तथा भू-संरक्षण विभाग

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

उप-सचिव

८ डिभिजन वन कार्यालयहरू ( वन सुरक्षा सैनिक समेत )
९ राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम
१० जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम
११ जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन आयोजना
१२ जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम
१३ वनस्पति विभाग
१४ जडिबुटी विकास कार्यक्रम
१५ वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम
१६ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
१७ राष्ट्रिय निकुञ्ज सुरक्षा टोली (नेपाली सेना)
१८ हात्तीसारहरू
१९ राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना
२० वन अनुसन्धान तथा सर्वेक्षण विभाग
२१ वन अनुसन्धान तथा सर्वेक्षण आयोजना
२२ वातावरण विभाग
२३ केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र

- प्रदेश सरकारलाई सशर्त अनुदान
- स्थानीय तहलाई सशर्त अनुदान

मन्त्रालय अन्तर्गतका महाशाखा र शाखाले २०८२ को माघदेखि चैत्रसम्म सम्पन्न गरेका कार्यहरुको विवरण तल प्रस्तुत गरिएको छ -

१. प्रशासन महाशाखा

क. कानून तथा फैसला कार्यान्वयन शाखा

- सम्मानित सर्वोच्च अदालतमा तथा सम्मानित अदालतहरुमा विभिन्न विषयमा ९ वटा लिखित जवाफ तयार गरी पठाइएको ।
- २० वटा राय/परामर्श पेश गरिएको ।

ख. आर्थिक प्रशासन शाखा

- खर्च तर्फः चालु खर्च रु. ११७५५४३००।१३ (६१.४३%) भएको ।
  : पुंजीगत खर्च रु ३६२३५७९ (५५%)
- बेरुजु तर्फ :

| बेरुजु वर्गिकरण | जम्मा बेरुजु | फस्यौंट | बाँकी (रु हजारमा) |
|---|---|---|---|
| पेश्की बेरुजु | १५९१६६ | २३२ | १५८९३४ |
| नियमित गर्ने बेरुजु | १३४९७६९ | १२९६९४ | १२२००७५ |
| असुल गर्नु पर्ने बेरुजु | २२६०७३ | ६३ | २२६०१० |
| **जम्मा** | १७३५००८ | १२९९८९ | १६०५०१९ |

उप-सचिव

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

ग. शासकीय सुधार शाखाः उजुरी/गुनासो र सूचना सम्बन्धी विवरण

| क्र.स. | उजुरी पठाउने निकाया | २०८२/८३ | माघ | फागुन | चैत्र | जम्मा | कै |
|---|---|---|---|---|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त उजुरी/गुनासो | प्राप्त गुनासो सङ्ख्या | २ | २ | २ | ६ | |
| | | फछ्र्यौट भएका गुनासो | १ | १ | २ | ४ | |
| | | प्रक्रियामा रहेका गुनासो | १ | १ | ० | २ | |
| २. | हेलो सरकार कक्षबाट प्राप्त गुनसो/उजुरी | प्राप्त उजुरी सङ्ख्या | १८ | १९ | ४२ | ७९ | |
| | | फछ्र्यौट भएका उजुरी | १२ | १० | २३ | ४५ | |
| | | प्रक्रियामा रहेका उजुरी | ६ | ९ | १९ | ३४ | |
| ३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | १३ | ७ | ८ | २८ | |
| | | फछ्र्यौट भएका उजुरी | ८ | ३ | ४ | १५ | |
| | | प्रक्रियामा रहेका उजुरी | ५ | ४ | ४ | १३ | |
| ४. | यस मन्त्रालयमा दर्ता भएका उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | २ | १ | १ | ४ | |
| | | फछ्र्यौट भएका उजुरी | १ | १ | १ | ३ | |
| | | प्रक्रियामा रहेका उजुरी | १ | ० | ० | १ | |

उप-सचिव

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त उजुरी/गुनासो | प्राप्त उजुरी सङ्ख्या | ४ | २ | २ | ८ | |
| | | फछ्र्यौट भएका उजुरी | २ | १ | ० | ३ | |
| | | प्रक्रियामा रहेका उजुरी | २ | १ | २ | ५ | |
| ६. | सूचनाको हक अन्तर्गत विभिन्न माध्यमबाट माग भई प्रदान गरिएका सूचनाहरुको संख्या | टेलिफोन | ४० | ३५ | २७ | कुल जम्मा- २७१ | |
| | | ईमेल | | | ३१ | | |
| | | पत्र | ० | २ | ३ | | |
| | | प्रत्यक्ष | ३ | ३ | २ | | |
| | | जम्मा | ८२ | ७१ | ११८ | | |

२. योजना अनुगमन तथा समन्वय महाशाखा

क. कार्यक्रम तथा योजना शाखा

| क्र.सं. | क्रियाकलाप | सम्बन्धित निकाय |
|---|---|---|
| १ | पूर्व पश्चिम लोकमार्ग हरित उत्थानशिल आयोजना (ACCESS) को आ. व. २०८०/८१ र आ. व. ८१/८२ को हिसाब फरफारक गर्नको लागि नेपाल सरकार स्रोतबाट विश्व बैंक सोधभर्ना हुने ऋणमा स्रोतान्तर हुनुपर्ने सम्बन्धमा श्री अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पत्राचार | वन तथा भू-संरक्षण विभाग |
| २ | बृहत् जलाधार व्यवस्थापन केन्द्र, कोशी, उदयपुरको च.नं. ७७ मिति २०८२/०९/२५ को पत्रानुसार आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये रोक्का रहेको बजेट रकम रु २ करोड ४० लाख फुकुवा गर्ने सम्बन्धमा श्री अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पत्राचार | वन तथा भू-संरक्षण विभाग |
| ३ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति अन्तर्गतका कार्यन्वयन इकाईहरुको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये रोक्का रहेको बजेट फुकुवा गर्ने सम्बन्धमा पटक पटक गरी श्री अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पत्राचार | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति |
| ४ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति अन्तर्गतका नेपाली सेना, वन तथा पर्यावरण सुरक्षा निर्देशनालयका श्री नं १ र २ पर्यावरण सुरक्षा गणहरुको आ.व. | राष्ट्रपति चुरे तराई मधेश |



उप-सचिव

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार काठमाडौं

| | | |
|---|---|---|
| | २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये रोक्का रहेको बजेट रकम फुकुवा गरी कार्यक्रम संशोधन गर्ने सम्बन्धमा श्री अर्थ मन्त्रालयमा स्वीकृतिका लागि पत्राचार | संरक्षण विकास समिति |
| ५ | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति अन्तर्गतका कार्यन्वयन इकाईहरुको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम मध्ये रोक्का रहेको बजेट रकम रु ५२१.९ लाख फुकुवा गर्ने सम्बन्धमा श्री अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त गरी सम्बन्धित निकायलाई पत्राचार | राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति |
| ६ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गत को आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पर्यटक पद मार्ग निर्माण र पर्यटक पद मार्ग मर्मत तथा स्तरोन्नतिको लागि अपुग बजेट रकम व्यवस्थापन गरी रकमान्तर गर्ने सम्बन्धमा श्री अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त गरी थप १० लाख बजेटको व्यवस्थापन | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग |
| ७ | आ. व. २०८२/८३ को मन्त्रालय र मातहतका विभिन्न निकायहरुको वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत गराएको (संघिय शसर्त, वन तथा भू-संरक्षण विभाग, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, वातावरण विभाग, इलम आयोजना, क्रिल आयोजना, BRCRN आयोजना, REDD, PCTMCDB, लगायतका) | मन्त्रालय र मातहतका विभिन्न निकायहरु |
| ८ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र अन्तर्गतका कर्मचारीहरुको तलब भत्ता लगायतका अपुग रकमको लागि रकमान्तर र थप बजेट व्यवस्थापनका लागि श्री अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त गरी सम्बन्धित निकायलाई पत्राचार | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र |

## ख. अनुगमन तथा मूल्यांकन शाखा

| क्र. सं. | कृयाकलापहरू | मिति | उपलब्धि | कै |
|---|---|---|---|---|
| १. | आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम, बजेट वक्तव्य बमोजिमको माघ, फाल्गुण र चैत्र महिनाको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीमा अनलाइन प्रविष्टि गर्नको लागि मातहतका निकाय र प्रदेश वन तथा वातावरण मन्त्रालयसँग विवरण माग गरी एकीकृत तथ्याङ्क तयार गरिएको। | प्रत्येक महिनाको ५ गतेभित्रमा। | एकीकृत तथ्याङ्क उपलब्ध भएको। | |
| २. | आ.व. ०८२/०८३ को नीति तथा कार्यक्रम, बजेट वक्तव्य बमोजिमको माघ, फाल्गुण र चैत्र महिनाको प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एकीकृत अनुगमन प्रणालीमा अनलाइनमार्फत प्रविष्टि, टिप्पणी र रेटिङ गरिएको | प्रत्येक महिनाको ७ गतेभित्रमा। | प्रगतिको वस्तुगत मूल्याङ्कन गरी भावी कार्ययोजना निर्माण गर्न सजिलो भएको। | |

| क्र. सं. | कृयाकलापहरू | मिति | उपलब्धि | कै |
|---|---|---|---|---|
| | | | | |
| ३. | शाखामा प्राप्त भएका सबै पत्रवाट माग भए अनुसारको प्रगति विवरण/विवरण (अन्य निकायसँग समन्वय गरी विवरण प्राप्त गर्नुपर्ने भएमा ती निकायबाट विवरण प्राप्ति पश्चात एकीकृत गरी) सम्वन्धित निकायमा पठाइएको। | पत्र प्राप्त भएकै मितिमा। यदि प्राप्त भएकै मितिमा कार्य सम्पन्न गर्न नसकेमा सो दिनको भोलिपल्ट एवम् समय सीमा तोकिएकाको हकमा तोकिएको समयसीमाभित्र। | विवरण छिटो उपलब्ध भई कार्य प्रभावकारितामा वृद्धि भएको। | |
| ४. | आ.व ०८२/०८३ को दोस्रो त्रैमासिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान उप समिति (Pre-MDAC) को बैठक सम्पन्न गरिएको। | २०८२/१०/०८ गते। | कार्यक्रम र पूँजीगत खर्चको समीक्षाबाट पृष्ठपोषण प्राप्त भई थप कार्य प्रभावकारिता र मार्गनिर्देशनका लागि सहयोग पुगेको। | |
| ५. | आ.व ०८२/०८३ को दोस्रो त्रैमासिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक (MDAC) सम्पन्न गरिएको। | २०८२/१०/२९ गते। | राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठकमा उठान गर्नुपर्ने विषयको खाका तयार भएको। | |
| ६. | शाखासँग सम्बन्धित दैनिक प्रशासनिक कार्य सम्पादन गरिएको। | निरन्तर। | तोकिएको समयमा कार्यसम्पादन भई कार्य प्रभावकारितामा अभिवृद्धि भएको। | |
| ७. | दोस्रो Pre MDAC र MDAC बैठकको निर्णय कार्यान्वयनका लागि मातहतका निकाय र प्रदेश वन तथा वातावरण मन्त्रालयहरूसँग समन्वय गरिएको। | निरन्तर। | बैठकका निर्णय कार्यान्वयनमा सहयोग पुगी नतिजा प्राप्तिमा सहजता भएको। | |

उप-सचिव

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | कृयाकलापहरू | मिति | उपलब्धि | कै |
|---|---|---|---|---|
| ८. | केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति/सचिव बैठक/संसदीय समितिको बैठक लगायतका बैठकको मन्त्रालयमा प्राप्त निर्णय तथा मन्त्रालयकै विभिन्न बैठकबाट भएका निर्णयको कार्यान्वयन प्रगति तयार गरी सम्बन्धित निकायमा उपलब्ध गराइएको। | निरन्तर। | कार्य प्रभावकारीता अभिवृद्धिमा सहयोग पुगेको। | |
| ९. | एकिकृत सूचना व्यवस्थापन प्रणाली संञ्चालनमा आएको तथा यस प्रणाली मार्फत टिप्पणी, चिठीपत्रहरु तयार गर्ने गरिएको। | २०८२/११/१२ | कार्य सम्पादनमा सिघ्रता,चुस्तता आएको एवम डिजिटल प्रणालीमा आवद्धता कायम भएको। | |
| १०. | यस महाशाखामा/शाखा तथा कार्यरत कर्मचारीहरुको कार्यविवरण तयार गरी सम्वन्धित महाशाखामा पठाईएको। | २०८२/११/३० | कार्य विवरण अनुसार उपयुक्त समयमा उपयुक्त अधिकारी द्धारा कार्य सम्पादनमा एकरुपता एवं सहजता आई नतिजा प्राप्तिमा सहज हुने। | |

३. वातावरण तथा जैविक विविधता महाशाखा

क. वातावरण मापदण्ड तथा अनुगमन शाखा

- वायु गुणस्तर सम्बन्धी ५ वटा वातावरणीय मापदण्डहरुको स्वीकृति सम्बन्धी कार्य
- प्लाष्टिक झोला (नियमन तथा नियन्त्रण) निर्देशिका स्वीकृति सम्बन्धी कार्य
- नेपालमा वासेल महासन्धीको कार्यान्वयनको अवस्था सम्बन्धी प्रतिवेदन तयारी सम्बन्धी कार्य
- National Plastic Waste Inventory Report 2026 माथि रायसुझाव उपलब्ध गराउने सम्बन्धी कार्य
- ओजोन तह ह्रास गर्ने पदार्थ सम्बन्धी मोन्ट्रियल प्रोटोकलको किगाली संशोधनको नेपाल राजपत्रमा प्रकाशनसँग सम्बन्धित कार्य
- प्रयोगमा रहेका सवारीका साधनबाट हुने प्रदूषण सम्बन्धी मापदण्ड (In-use Vehicle Emission Standard) को मस्यौदा तयारी सम्बन्धी कार्य
- एकल प्रयोग हुने प्लाष्टिकजन्य सामग्रीहरुको नियन्त्रण सम्बन्धी आदेशको मस्यौदा तयारी सम्बन्धी कार्य
- पारो सम्बन्धि मिनामाता महासन्धि अनुमोदनसँग सम्बन्धित कार्य

उप-सचिव

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

- प्लाष्टिक झोला प्रतिबन्ध सम्बन्धी कार्ययोजना, २०७८ बमोजिमका क्रियाकलापहरु सम्बन्धी कार्य
- काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ बमोजिमका क्रियाकलापहरु सम्बन्धी कार्य
- वातावरण मापदण्ड तथा अनुगमन शाखा एवं शाखाका कर्मचारीहरुको कार्यविवरण तयारी सम्बन्धी कार्य

ख. वातावरणीय प्रभाव अध्ययन शाखा

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | स्वीकृत मिति |
|---|---|---|---|
| क्षेत्र निर्धारण प्रतिवेदन स्वीकृत भएका आयोजनाहरू (१ ) | | | |
| 1 | प्रहरी महानिरीक्षक सचिवालय भवन | काठमाडौं | २०८२/११/१७ |
| | | | |
| EIA स्वीकृत भएका आयोजनाहरू (४) | | | |
| 1 | वन वल्ड्र अपार्टमेन्ट | काठमाडौं | २०८२/१०/२७ |
| 2 | वि.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल र विस्तारित सेवाहरु | भरतपुर | २०८२/१०/२९ |
| 3 | चम्पादेवी केबलकार | काठमाडौं | २०८२/१२/०८ |
| 4 | रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान शिक्षण अस्पताल (३०० शय्या) | ससरी | २०८२/१२/३० |
| SD/ToR म्याद थप गरिएका आयोजना (१) | | | |
| 1 | सौर्य सिमेन्ट उद्योगको चुनढुंगा उत्खनन् आयोजना | उदयपुर | ११/२५/२०८२ |
| | | | |
| वातावरणीय व्यवस्थापन योजना परिमार्जनका लागि सहमति (REMP)( १) | | | |
| 1 | कालिगण्डकी गर्ज जलविद्युत आयोजना (१८० मे.वा.) | मुस्ताङ्ग र म्याग्दी | २०८२/१२/२७ |
| | | | |
| पूरक अध्ययन सहमति ( ४) | | | |
| 1 | नर्भिक इन्टरनेश्नल अस्पताल (२०० शय्या) | काठमाडौं | २०८२/१०/१२ |
| 2 | तारागाउँ रिजेन्सी होटल लिमिटेड | काठमाडौं | २०८२/११/१९ |

उप-सचिव

नेपाल सरकार ... तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | स्वीकृत मिति |
|---|---|---|---|
| 3 | यारुखोला अर्धजलाशययुक्त जलविद्युत (३०.५९मे.वा) | गोरखा | २०८२/११/२६ |
| 4 | जुमखोला जलविद्युत आयोजना (५६मे.वा)बाट ७० मे.वा | | २०८२/१२/२४ |

४. जलवायु परिवर्तन व्यवस्थापन महाशाखा

महाशाखा अन्तर्गत गत गत तीन महिनाको अवधिमा भएका कार्यहरु देहाय बमोजिम छन्-

| क्र.सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय जलवायु परिवर्तन नीति,(२०८२) तर्जुमा सम्बन्धी प्रारम्भिक विषयगत मन्त्रालय एवं सरोकारवाला गोष्ठी सम्पन्न। | २०८२।१०।२९ | विषयगत मन्त्रालय, सरकारी गैह्र सरकारी निकायका प्रतिनिधि, विज्ञ | सहभागीहरुबाट तर्जुमा प्रकृया अगाडि बढाउन आवश्यक सुझाव संकलन | जलवायु परिवर्तन शाखा |
| २ | महाशाखा अन्तर्गत आ.व २०८३/८४ को लागि बजेट सिलिंग तयार गरी योजना अनुगमन तथा समन्वय महाशाखामा पेश गरिएको | २०८२।११।११ | सवै शाखाहरु | वार्षिक कार्यक्रम तय भई कार्यान्वयनका लागि बजेट सिलिङ्ग तयार भएको। | जलवायु परिवर्तन शाखा |
| ३ | Mitigation Action Facility (MAF) call for the Projects 2026 अन्तर्गत ICIMOD बाट प्रस्तावित "Lighthouse Pilot Projects" प्रस्तावको अवधारणा पत्र अर्थ मन्त्रालयको सहमति लिई Endorsement Letter प्रदान गरिएको। | २०८२।११।५ | ICIMOD | नेपाल लाई अन्तर्राष्ट्रिय जलवायु वित्त प्राप्त हुने। | जलवायु परिवर्तन शाखा |
| ४ | FRLD को National Focal Point तथा National Designated Authority तोकिएको | २०८२।११।१० | मन्त्रालय | FRLD मा नियमित समन्वय हुने | जलवायु परिवर्तन शाखा |



उप-सचिव

नेपाल सरकार वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| ५ | UNESCO बाट प्रस्तावित International Climate Initiative (IKI) Large Grant अन्तर्गत "From Invasion to Innovation: Community-Led IAS Management for Biodiversity and Livelihood Protection in Nepal" शीर्षकको परियोजनाको अवधारणा पत्र (Concept Note) अर्थ मन्त्रालय सहमति लिई Endorsement Letter प्रदान गरिएको। | २०८२।११।१२ | UNESCO | नेपाल लाई अन्तर्राष्ट्रिय जलवायु वित्त प्राप्त हुने। | जलवायु परिवर्तन शाखा |
| ६ | Mitigation Action Facility (MAF) call for the Projects 2026 अन्तर्गत WWF बाट प्रस्तावित "Lighthouse Pilot Projects" को अवधारणा वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) निर्णयानुसार पछि परियोजना प्रस्ताव पेश गर्दा अर्थ मन्त्रालयको सहमति लिने गरी Endorsement Letter प्रदान गरिएको। | २०८२।११।१२ | WWF | नेपाल लाई अन्तर्राष्ट्रिय जलवायु वित्त प्राप्त हुने। | जलवायु परिवर्तन शाखा |
| ७ | AEPC ले NDRRMA को समन्वयमा प्रस्ताव गरेको "NEPAL RISE: Recovery of Infrastructure, Systems and Economies for Responding to Loss and Damage" विषयक २० मिलियन USD प्रस्ताव Fund for Responding to Loss and Damage (FRLD) मा पेश गर्न माननीय मन्त्रीस्तरको निर्णय अनुसार Letter of Endorsement दिईएको। | २०८३।१।४ | AEPC NDRRMA MOFE | नेपाल लाई अन्तर्राष्ट्रिय जलवायु वित्त प्राप्त हुने। | जलवायु परिवर्तन शाखा |



उप-सचिव

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| ८ | FAO ले NTNC को समन्वयमा प्रस्ताव गरेको "Restoring Lives and Landscapes: securing Food, Livelihoods, and safety in the Karnali Downstream" विषयक प्रस्ताव Fund for Responding to Loss and Damage (FRLD) मा पेश गर्न सहमतीको लागि प्रकृया अगाडि वढेको। | २०८३।१।१५ | FAO | नेपाल लाई अन्तर्राष्ट्रिय जलवायु वित्त प्राप्त हुने। | जलवायु परिवर्तन शाखा |
| ९ | तेस्रो राष्ट्रिय निर्धारण कार्यान्वयन कार्ययोजना मस्यौदा तयार पारि मिति २०८२/१०/१८ मा मन्त्रालयको वेवसाइटमा थप सुझावको लागि राखिएको, सम्बन्धित मन्त्रालयहरुमा पत्राचार गरेको। यसै विषयमा सरोककारवाला निकायहरुबाट थप टिप्पणी तथा सुझाव संकलनको लागि मिति २०८२/१०/२१ को गोरखापत्रमा सूचना सम्प्रेषण गरिएको | २०८२ माघ देखि चैत्र मसान्त सम्म | सबै मन्त्रालय, सिंहदरबार परिसर, राष्ट्रिय योजना आयोग, राष्ट्रिय विपद जोखिम न्यूनिकरण व्यवस्थापन प्राधिकरण, विकास साझेदार तथा सम्पूर्ण सरोकारवालाहरु | तेस्रो राष्ट्रिय निर्धारण कार्यान्वयन कार्ययोजना मस्यौदा सान्दर्भिक परिमार्जनमा सघाउ पुगेको | जलवायु प्रविधि शाखा |
| १० | परिष्कृत तेस्रो राष्ट्रिय निर्धारण कार्यान्वयन कार्ययोजना मस्यौदामा थप सुझाव तथा अन्तिम तयारीको लागि वन तथा वातावरण मन्त्रालयको माननीय मन्त्रीज्यूको प्रमुख आतिथ्य तथा श्रीमान् सचिवज्यूको अध्यक्षतामा मिति मिति ०८२/१२/२२ National Validation Workshop संचालन | २०८२ माघ देखि चैत्र मसान्त सम्म | सबै मन्त्रालय, सिंहदरबार परिसर, राष्ट्रिय योजना आयोग, राष्ट्रिय विपद जोखिम न्यूनिकरण व्यवस्थापन प्राधिकरण, | उक्त National Validation Workshop संचालन पश्चात प्राप्त थप सान्दर्भिक सुझावहरु समेत समेटी पुनः तेस्रो राष्ट्रिय निर्धारण कार्यान्वयन | जलवायु प्रविधि शाखा |



उप-सचिव

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| | | | विकास साझेदार संस्थाहरु | कार्ययोजना मन्त्रिपरिषद्को स्वीकृतिको लागि तयार हुँदै गरेको अवस्था | |
| ११ | स्थानीय तहमा जलवायु अनुकूलनलाई सुदृढ बनाउने उद्देश्यका साथ आयोजित *Local Climate Adaptive Living (LoCAL) Facility Inception Event* कार्यक्रम | २०८२ माघ देखि चैत्र मसान्त सम्म | सङ्घीय मन्त्रालयहरु तथा वन तथा वातावरण मन्त्रालय,INGO र NGOs | ५वटा स्थानीय स्थानीय तहमा जलवायु अनुकूलनलाई सुदृढ बनाउने | जलवायु प्रविधि शाखा |
| १२ | LAPA Framework परिमार्जन गर्न प्राबिधिक समिती गठन गरी मिति २०८३।१।४ मा स्थानीय अनुकूलन योजनाको ढाँचा २०७६ को पुनरावलोकन सम्बन्धी सरोकारवाला विचको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको | २०८२ माघ देखि | सरोकारवाला विचको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको | LAPA Framework २०७६ परिमार्जन हुने | जलवायु प्रविधि शाखा |
| १३ | Adaptation Fund Board को Designated National Authority (DNA) रुपमा कार्य सम्पादन गरेको र प्राप्त परियोजनाहरुको अवधारणाको पत्र अध्ययन तथा पुनावालोकन गरी मन्त्रालयको निर्णयानुसार अर्थ मन्त्रालयबाट सहमति लिई endorsement letter जारी गरिएको | २०८२ माघ देखि चैत्र मसान्त सम्म | | Adaptation fund प्राप्त हुने | जलवायु प्रविधि शाखा |
| १४ | अक्सफाम नेपालद्वारा गत वर्षको मनसुन अवधिमा (अक्टोबर महिना) भएको अत्यधिक वर्षाका कारण उत्पन्न | २०८२ माघ देखि चैत्र मसान्त सम्म | सरोकारवाला संस्थाहरूसँग समन्वयात्मक | हानि नोक्सानी सम्बन्धी अध्ययन हुने । | जलवायु प्रविधि शाखा |

उप-सचिव



नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| | बाढी तथा पहिरोबाट भएको जनधनको क्षतिलाई मध्यनजर गर्दै हानि तथा नोक्सानी सम्बन्धी विस्तृत अध्ययन तथा दस्तावेजीकरण कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउन तथा आवश्यक सुझाव, अनुभव र समन्वय प्राप्त गर्न नेपाल सरकारका सम्बन्धित निकायहरू तथा अन्य सरोकारवाला संस्थाहरूसँग समन्वयात्मक परामर्श बैठक सम्पन्न । | | परामर्श बैठक सम्पन्न । | | |
| १५ | जलवायु नमूना कार्यक्रम संचालन भएका २६ ओटा स्थानीय तहसँग WhatsApp मार्फत सूचना नेटवर्क तयार गरी आवश्यक समन्वय, सहजीकरण, संचार र सुचना आदान प्रदान भइरहेको । | २०८२ माघ देखि चैत्र मसान्त सम्म | २६ ओटा स्थानीय तहसँग | सूचना नेटवर्क तयार गरी आवश्यक समन्वय, सहजीकरण, संचार र सुचना आदान प्रदान हुने | जलवायु प्रविधि शाखा |
| १६ | मिति २०८३।१।१५ मा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तयार पारेको नेपाल पर्यटन रणनीतिक कार्ययोजना २०२६-२०३५ मा योजना अनुमगन तथा समन्वय महाशाखालाई जलवायु परिवर्तन व्यवस्थापन महाशाखाको तर्फबाट राय उपलब्ध गराइएको । | २०८२ माघ देखि चैत्र मसान्त सम्म | | नेपाल पर्यटन रणनीतिक कार्ययोजना २०२६-२०३५ सुधार हुने | जलवायु प्रविधि शाखा |

उप-सचिव

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| १७ | राष्ट्रिय कार्बन रजिष्ट्रि प्रणाली लञ्च गरी संचालन गरिएको | फागुन २९ | वन तथा वातावरण मन्त्रालयका तत्कालीन माननीय मन्त्री एवम् सचिव, UNDP का उच्च पदाधिकारी तथा अन्य सरकारी एवम् विकास साझेदार संस्थाका प्रतिनिधिहरु | राष्ट्रिय कार्बन रजिष्ट्रि प्रणाली संचालनमा आएको | स्वच्छ संयन्त्र शाखा |
| १८ | National Scoping Study on Sectoral Opportunities-Carbon Project प्रारम्भिक प्रतिवेदन माथि छलफल | चैत्र १८ | सरकारी, गैर-सरकारी तथा विकास साझेदार संस्थाका प्रतिनिधिहरु | राय तथा सुझाव प्राप्त भएको | स्वच्छ संयन्त्र शाखा |
| १९ | कार्बन व्यापार व्यवस्थापन समितिको बैठक संचालन | चैत्र १९ | कार्बन व्यापार नियमावली, २०८२ को नियम २५ बमोजिमको समितिका पदाधिकारीहरु | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रलाई आयोजना दस्तावेज तयारीका लागि सहमतिपत्र प्रदान गर्न सिफारिस गरेको | स्वच्छ संयन्त्र शाखा |
| २० | Development of Carbon Pricing policy को प्रारम्भिक मस्यौदा माथि छलफल | चैत्र २२ | सरकारी, गैर-सरकारी तथा विकास साझेदार संस्थाका प्रतिनिधिहरु | राय तथा सुझाव प्राप्त भएको | स्वच्छ संयन्त्र शाखा |

उप-सचिव



नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| क्र.सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| २१ | Development of National Carbon Finance Handbook माथि छलफल | चैत्र २३ | सरकारी, गैर-सरकारी तथा विकास साझेदार संस्थाका प्रतिनिधिहरु | राय तथा सुझाव प्राप्त भएको | स्वच्छ संयन्त्र शाखा |
| २२ | कार्बन व्यापार सम्बन्धी कार्यविधि, २०८२ मस्यौदा तयार गरी राय/सुझाव संकलनका लागि विभिन्न मन्त्रालय/निकायमा पठाइएको | चैत्र २६ | कार्बन व्यापार व्यवस्थापन समितिका सदस्यहरूले प्रतिनिधित्व गर्ने मन्त्रालयमा पठाइएको | | स्वच्छ संयन्त्र शाखा |
| २३ | छवटा सम्भावित कार्बन परियोजना प्रस्तावकलाई कार्बन रजिष्ट्री प्रणालीबाट युजर आइडि र पासवर्ड उपलब्ध गराइएको | माघ १ देखि चैत्र मसान्तसम्म | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, हिमालय कार्बन प्रा. लि., निउटोट्रेक्स कम्प्यूटर आइटी सलुसन्स एण्ड इनोभेसन, इन्भेरोमेन्ट प्रोटेक्सन सेन्टर, ग्लोबल इन्भेरोमेन्ट प्रोटेक्सन सेन्टर र भूमि सेवा नेटवर्क्स | केहीले परियोजना अवधारणापत्र पेस गरेको | स्वच्छ संयन्त्र शाखा |
| २४ | सम्बन्धित क्षेत्रगत मन्त्रालयलाई आयोजना अवधारणापत्र तथा आयोजना दस्ताबेज सिफारिस गर्ने प्रयोजनार्थ राष्ट्रिय कार्बन रजिष्ट्रीबाट युजर आइडि र पासवर्ड उपलब्ध गराएको | माघ १ देखि चैत्र मसान्तसम्म | खानेपानी मन्त्रालय, रेड कार्यान्वयन केन्द्र | | स्वच्छ संयन्त्र शाखा |

उप-सचिव



नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलव्धी | शाखा |
|---|---|---|---|---|---|
| २५ | प्रदेश स्तरीय जलवायु परिवर्तन सम्बन्धी तालिम (३ प्रदेश — बागमती, कर्णाली , गण्डकी - CBIT परियोजना अन्तर्गत WWF मार्फत) | २०८२ माग देखि चैत्र सम्म | प्रदेश स्तरको जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, रेड कार्यान्वयन लगायत वन तथा वातावरण मन्त्रालयका मातहतका निकाय एवं सरोकारवाला विषयगत मन्त्रालय तथा विषय विज्ञ | जलवायु परिवर्तन व्यवस्थापन तथा प्रतिवेदन प्रकाशनको लागी राष्ट्रिय अन्त्राष्ट्रिय मापदण्ड सम्बन्धी जानकारी । | उत्सर्जन शाखा |
| २६ | हरित गृह ग्याँसको प्रतिवेदन तयारीको लागी आवश्यक मापन, प्रतिवेदन तथा प्रमाणीकरण खाका तयार । (CBIT परियोजना अन्तर्गत WWF मार्फत) | २०८२ माग देखि मङ्सिर सम्म | प्रदेश स्तरको जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, रेड कार्यान्वयन लगायत वन तथा वातावरण मन्त्रालयका मातहतका निकाय एवं सरोकारवाला विषयगत मन्त्रालय तथा विषय विज्ञ | राष्ट्रिय मापन, प्रतिवेदन तथा प्रमाणीकरण खाका तयार भई प्रकाशन भएको । | उत्सर्जन शाखा |
| २७ | स्थानीय तहमा जलवायु अनुकूलनलाई सुदृढ बनाउने उद्देश्यका साथ Local Climate Adaptive Living (LoCAL) Facility Inception Event कार्यक्रम आयोजना | २०८२ माघ—चैत | सङ्घीय मन्त्रालयहरू, वन तथा वातावरण मन्त्रालय, INGOs तथा NGOs | ५ वटा स्थानीय तहमा जलवायु अनुकूलन सुदृढीकरणमा सहयोग पुगेको | अनुकुलन शाखा |
| २८ | LAPA Framework परिमार्जन गर्न प्राविधिक समिति गठन | २०८२ माघदेखि | सरोकारवाला निकायहरू | LAPA Framework | अनुकुलन शाखा |

उप-सचिव



नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | क्रियाकलाप | मिति/समय/अवधि | मुख्य सहभागी | उपलब्धी | शाखा |
|---|---|---|---|---|---|
| | तथा स्थानीय अनुकूलन योजना ढाँचा २०७६ को पुनरावलोकन सम्बन्धी अन्तरक्रिया कार्यक्रम (मिति २०८३।१।४) सम्पन्न | | | २०७६ परिमार्जन प्रक्रियामा प्रगति भएको | |
| २९ | Adaptation Fund Board को Designated National Authority (DNA) को रूपमा कार्यसम्पादन गरी परियोजना अवधारणापत्रहरूको अध्ययन तथा पुनरावलोकन गरी अर्थ मन्त्रालयको सहमतिमा endorsement letter जारी | २०८२ माघ–चैत | सम्बन्धित निकायहरू | Adaptation Fund प्राप्तिका लागि प्रक्रिया अगाडि बढेको | अनुकुलन शाखा |
| ३० | अत्यधिक वर्षाबाट भएको बाढी तथा पहिरोको हानि–नोक्सानी सम्बन्धी अध्ययन तथा दस्तावेजीकरणका लागि (Oxfam Nepal को सहकार्यमा) समन्वयात्मक परामर्श बैठक सम्पन्न | २०८२ माघ–चैत | सरकारी निकाय तथा अन्य सरोकारवाला संस्थाहरू | हानि–नोक्सानी सम्बन्धी विस्तृत अध्ययन प्रक्रिया अघि बढेको | अनुकुलन शाखा |
| ३१ | जलवायु नमूना कार्यक्रम सञ्चालन भएका २६ वटा स्थानीय तहसँग WhatsApp मार्फत सूचना सञ्जाल स्थापना गरी समन्वय, सहजीकरण तथा सूचना आदान–प्रदान | २०८२ माघ–चैत | २६ स्थानीय तह | प्रभावकारी सूचना प्रवाह र समन्वय प्रणाली विकास भएको | अनुकुलन शाखा |
| ३२ | नेपाल पर्यटन रणनीतिक कार्ययोजना २०२६–२०३५ मा जलवायु परिवर्तन व्यवस्थापन महाशाखाको तर्फबाट राय उपलब्ध गराइएको (मिति २०८३।१।१५) | २०८२ माघ–चैत | - | रणनीतिक कार्ययोजना सुधारमा योगदान पुगेको | अनुकुलन शाखा |

उप-सचिव



नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

## ५. वन तथा जलाधार महाशाखा

महाशाखाले राष्ट्रिय प्राथमिकता प्राप्त योजनाका लागि राष्ट्रिय/सरकारी वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी कार्य गर्दछ । गत बैशाखदेखि असारसम्म तीन महिनामा विभन्न आयोजनाको लागि प्रयोग गर्न जग्गा उपलब्ध गराइएको योजनाहरूको बिवरण निम्न रहेका छन् ।

| क्र.सं. | प्रस्तावकको नाम | योजनाको नाम | स्थान | उपलब्ध गराईएको वनको क्षेत्रफल (हेक्टर) स्थायी | हटाईने रूखविरूवा संख्या | मन्त्रिपरिषदको निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | अपर सेती हाइड्रो प्रा.लि. | माथिल्लो सेती खोला जलविद्युत आयोजना (२० मे.वा.) | कास्की जिल्ला माछापुच्छ्रे गाउँपालिका वडा नं. १ को राष्ट्रिय वन | ४.६४१० | १,०९५ | म.प.बै.सं. ४८/०८२ मिति २०८२/१०/१२ | |
| २ | ह्याप्पी (HAPPY) इनर्जी प्रा.लि. | माथिल्लो संखुवाखोला जलविद्युत आयोजना (४० मे.वा.) | संखुवासभा जिल्ला, सिलिचोङ गाउँपालिका वडा नं. २ र ३ को राष्ट्रिय वन | १२.६२०० | ७३६ | म.प.बै.सं. ४८/०८२ मिति २०८२/१०/१२ | |
| ३ | निलगंगा हाइड्रोपावर कम्पनी प्रा.लि. | सुति खोला जलविद्युत आयोजना (२१ मे.वा.) | मनाङ जिल्ला, नासो गा.पा. वडा नं. ६ र ७ को राष्ट्रिय वन | ४.६७०० | २,९२४ | म.प.बै.सं. ४८/०८२ मिति २०८२/१०/१२ | |
| ४ | नेपाल विद्युत प्राधिकरण (तामाकोशी जलविद्युत कम्पनी लि.) | तामाकोशी पाँचौ जलविद्युत आयोजना (९९.८ मे.वा.) | दोलखा जिल्ला, विगु गाउँपालिका वडा नं. १,२,३,४ को राष्ट्रिय वन | ११.६४०० | ७,३१८ | म.प.बै.सं. ४८/०८२ मिति २०८२/१०/१२ | |

उप-सचिव

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सेती खोला हाइड्रोपावर प्रा.लि. | १३२ के.भि. विद्युत प्रसारण लाईन आयोजना | कास्की (पोखरा ३३) र तनहुँ (शुक्लागण्डकी २) को राष्ट्रिय वन | ३.३७१४ | ३३६ | म.प.बै.सं. ४६/०८२ मिति २०८२/१०/२ र विधेयक समिति २०८२/१०/२७ | |
| ६ | गोर्खाज हिमालयन हाईड्रो लि. | माथिल्लो जुनबेंशी जलविद्युत (५.८७५ मे.वा.) | सोलुखुम्बु, सोलुदुधकुण्ड नगरपालिका वडा २ को राष्ट्रिय वन | ०.९७०० | ६० | म.प.बै.सं. ४६/०८२ मिति २०८२/१०/२ र विधेयक समिति २०८२/१०/२७ | |
| ७ | राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लि. | केराबारी-न्यू मर्स्याङ्दी १३२ के.भि. प्रसारण लाईन | गोरखा (पालुङ्गटार, गोरखा, सिरानचोक) र तनहुँ (आबुखैरेनी) को राष्ट्रिय वन | २८.७४४० | ३,८१९ | म.प.बै.सं. ४६/०८२ मिति २०८२/१०/२ र विधेयक समिति २०८२/१०/२७ | |
| ८ | हिमालयन इनर्जी लिमिटेड | कालिञ्चोक साना जलविद्युत (३ मे.वा.) | दोलखा, कालिञ्चोक गाउँपालिका वडा १ को राष्ट्रिय वन | ४.३१९० | ४५२ | म.प.बै.सं. ५४/०८२ मिति २०८२/१२/१ | |
| ९ | गुराँस हाइड्रो लिमिटेड, ललितपुर | संखुवाखोला जलविद्युत (४१.०६ मे.वा.) | संखुवासभा र भोजपुर जिल्लाको राष्ट्रिय वन | १०.०९१० | १,५०५ | म.प.बै.सं. ५४/०८२ मिति २०८२/१२/१ | |
| १० | मिलारेपा इनर्जी प्रा.लि. | सुपर मेलेम्ची जलविद्युत (२३.६ मे.वा.) | लाङटाङ राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको राष्ट्रिय वन | ११.७८७० | ३१७ | म.प.बै.सं. ५४/०८२ मिति २०८२/१२/१ | |
| ११ | इसुवा इनर्जी प्रा.लि. | इसुवा खोला क्यास्केड (४०.१ मे.वा.) | मकालु वरूण राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको राष्ट्रिय वन | २.२४०० | ७० | म.प.बै.सं. ५४/०८२ मिति २०८२/१२/१ | |

उप-सचिव



नेपाल सरकार ... तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | भौतिक पूर्वाधार मन्त्रालय, बागमती | बागमती प्रदेशको प्रशासनिक भवन निर्माण | मकवानपुर, हेटौंडा उपमहानगर वडा १६ को राष्ट्रिय वन | ३१.०२०० | ५,२२६ | म.प.बै.सं. ५४/०८२ मिति २०८२/१२/१ | |
| १३ | नेपाली सेना, काठमाण्डौ तराई मधेश द्रुतमार्ग | काठमाण्डौ तराई मधेश द्रुतमार्ग सडक आयोजना | काठमाण्डौ, ललितपुर, मकवानपुर (हेटौंडा, भिमफेदी, इन्द्रसरोवर) को राष्ट्रिय वन | ४६.३९०० | १,८९८ | म.प.बै.सं. ५८/०८२ मिति २०८२/१२/२४ | |
| जम्मा | | स्थायी | | १७२.५०३४ | २५,७५६ | | |

उप-सचिव

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

६. सहभागिता मूलक वन महाशाखा

महाशाखा अन्तर्गत गत गत तीन महिनाको अवधिमा भएका कार्यहरु देहाय बमोजिम छन्-

| क्र.सं. | कृयाकलापहरु | मिति | उपलब्धि | कै |
|---|---|---|---|---|
| १. | National Workshop on " Community based Enterprises : towards strategic shifts for achieving forestry for prosperity सञ्चालन गरिएको। | | Community based Enterprises बाट Forestry for Prosperity उपलब्धी हासिल गर्न सहयोग पुगेको । | |
| २ | "जीवन्त सगरमाथाः नेपालको पर्वतीय उत्थानशील रणनीति" (Living Sagarmatha: Nepal Mountain Resilience Strategy) को मस्यौदा उपर छलफल (Validation Workshop) गरिएको । | २०८२ माघ ६ | जीवन्त सगरमाथाः नेपालको पर्वतीय उत्थानशील रणनीतिको मस्यौदा सार्वजनिकीकरण, सरोकारवालाहरु माझ घनिभुत छलफल एवम थप राय/सुझाव समेत संकलन भएको । | |
| ३. | Mountain Partnership को २६-२८ मार्च सम्म Andorra मा भएको 7th Global Meeting मा नेपालको सहभागिता सम्बन्धमा र Nepal Mountain Resilience Strategy र Andorra Declaration document को Sharing समेत गर्ने गरी सोको तयारीका लागि सरोकारवालाहरुबिच छलफल/अन्तर्क्रिया गरिएको। | २०८२ चैत्र २ | Mountain Partnership को Andorra मा भएको 7th Global Meeting मा नेपालले प्रभावकारी सहभागिता जनाएको। | |

उप-सचिव

नेपाल सरकार ... तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

९ सूचना अधिकारी र प्रमुखको नाम र पद

| प्रमुखको नाम र पद | सूचना अधिकारीको नाम र पद |
|---|---|
| डा. गोविन्द प्रसाद शर्मा<br>सचिव | बाबुराम घिमिरे<br>उप-सचिव |

१० ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

मन्त्रालयको कार्य क्षेत्रसंग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिका निम्न बमोजिम छन्-

- सामुदायिक वनको मार्गदर्शन, २०८१
- प्रदेशहरुबाट सञ्चालन गरिने संघीय सशर्त अनुदानका कार्यक्रहरुको कार्यान्वयन कार्यविधि, २०८१
- वन्यजन्तु बासस्थान व्यवस्थापन कार्यविधि, २०८०
- व्यवसायिक रुपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८०
- वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८०
- वन ऐन, २०७६र वन नियमावली, २०७९
- वातावरण संरक्षण ऐन, २०७६ र नियमावली, २०७७
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न बन्यजन्तु तथा बनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र नियमावली, २०७६
- संकटापन्न बन्यजन्तु तथा बनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९
- वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७
- भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४१
- नेपाल वन सेवा (गठन, समूह, तथा श्रेणी) विभाजन र नियुक्ति नियमहरु,२०५१
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- वन्यजन्तु आरक्ष नियमावली, २०३४
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
- खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४
- बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
- कञ्चनजङ्गा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४
- शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज नियमावली, २०७६
- काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका, २०७३
- समुदायिक वनउपभोक्ता समुहको आर्थिक कार्यविधि निर्देशिका ,२०७३



उप-सचिव

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि,२०७४
- सामुदायिक वनको काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका, २०७१
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९
- सामुदायिक वनको निर्देशिका,२०५२
- खोटो संकलन (कार्यविधि) निर्देशिका, २०६४
- जिल्ला वन पैदावर आपूर्ति समितिको (कार्यविधि) निर्देशिका, २०६३

**११ मन्त्रालयले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान सम्बन्धी विवरण**

आ. व. २०८२/२०८३ को लागि यस मन्त्रालयले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान सम्बन्धी विवरण

- नर्वेजियन सरकारको Energy for Development (EfD) Program को लागि प्राविधिक सहायता माध्यमबाट ५ वर्षको लागि ३.७५ मिलियन अमेरिकी डलर वैदेशिक सहायता प्राप्त गरेको।
- Global Environment Facility (GEF) अन्तर्गतको Restoration of Forests and Mountain Ecosystem (ReFAME) in Far West Nepal परियोजनाको लागि (४ वर्षको लागि) २३४६४८३ अमेरिकी डलर सहयोग प्राप्त भएको।
- Forest and Farm Facility (FFF) Phase II climate resilient landscape and Improved Livelihood परियोजनाको १ वर्ष म्याद थप सहित १,८२,००० अमेरिकी डलर सहयोग प्राप्त भएको।
- विश्व बैंकको Forest Carbon Partnership Facility (FCPF) को REDD+ Emission Reductions Payment Agreement (ERPA) अन्तर्गत तराई भू परिधिमा करिब १८.८ लाख टन उत्सर्जन न्यूनीकरण वापत पहिलो किस्ता वापत ९.४ मिलियन अमेरिकी डलर भुक्तानी प्राप्त भएको।

**१२. मन्त्रालयको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

यस मन्त्रालयका सूचनाहरु अद्यावधिक रुपमा मन्त्रालयको Website: www.mofe.gov.np मा अपलोड गर्ने र कतिपय सूचनाहरु सूचनापाटीमा पनि टाँस गर्ने गरिएको छ ।साथै मातहतका निकायहरुले पनि आफ्ना सूचनाहरु आ-आफ्ना website मा अद्यावधिक गर्ने गरेका छन् ।

**सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण**

क. अघिल्लो आर्थिक वर्षमा सञ्चालन गरेको कार्यक्रम वा आयोजना

आर्थिक वर्ष २०८१/८२ मा वन तथा वातावरण मन्त्रालयको लागि चालु तर्फ रु ८ अर्ब ६१ करोड ९९ लाख र पूँजीगततर्फ रु ३ अर्ब ४३ करोड ९७ लाख गरी कुल जम्मा विनियोजित वजेट रु १२ अर्ब ५ करोड ९६ लाख रहेको थियो । विनियोजित वजेटमा चालुतर्फ ८२.६६ प्रतिशत (रु ७ अर्ब १२ करोड ५४ लाख ६८ हजार) र पूँजीगततर्फ ७२.७२ प्रतिशत (रु. २ अर्ब ५० करोड १४ लाख १६ हजार) गरी कुल जम्मा वजेट ७९.८३ प्रतिशत (रु. ९ अर्ब ६२ करोड ६८ लाख ८६ हजार) खर्च भएको छ ।

ख. मन्त्रालयको वेभसाईट र इमेल

उप-सचिव

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

- www.mofe.gov.np
- Email: info@mofe.gov.np

ख १. मन्त्रालयले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन

मन्त्रालयले संचालन गरेको कार्यक्रमको विवरण खण्ड ८ मा र एकमुष्ट प्रगति माथि खण्ड क मा उल्लिखित छ ।

ख २. मन्त्रालयले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि

- वर्गीकरण र संरक्षणको विशेष व्यवस्था हालसम्म नगरिएको तर प्रचलित ऐन नियमानुसार अन्य कार्य गर्ने गरिएको ।

ख ३. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन र सोउपर सूचना दिइएको विषय

१. रुख कटान र खेर गइरहेको काठजन्य वस्तुहरुको तथ्याङ्क
२. वातावरणीय प्रभाव मुल्याङ्कन/EIA का विषयहरु
३. डढेलो, अनधिकृत कब्जा, तस्करी लगायतको कारण वन विनासको तथ्याङ्क
४. कर्मचारीको विवरण, पदाधिकारी तथा कर्मचारीहरुको वैदेशिक भ्रमणको विषय
५. समसामयिक विषय र सामान्य जानकारी- जस्तो: मन्त्रालयको कामकाज, मन्त्री सचिवको समयमा पदस्थापन नभएको विषय, मन्त्रालयमा सुशासनको अवस्था लगायत अन्य सामान्य जानकारी
६. ऐन कानुन तथा कार्यविधि समयमा नआएको विषय
७. अभिलेख सम्बन्धि विषयहरु

ग. मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

- वेभसाइट, सूचनापाटी वा कतिपय सूचना सार्वजनिक पत्रपत्रिकामा प्रकाशन हुने गरेको ।

उप-सचिव

समाप्त

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं